# हाम्रो वन सम्पदा

ForestAction

# लेख रचना आह्वान

## विशेषांक: प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय सरकारको भुमिका

नेपालको संविधान २०७२ ले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यममा द्वारा राज्य पुनसँरचना गरी शान्ति, सुशासन, बिकास र समृद्धीको दिशातर्फ अगाडि बढ्ने खुट्किलोको एउटा महत्वपूर्ण काम स्थानीय तहको निर्वाचनसंगै प्रारम्भ भएको छ । दुई चरणका निर्वाचन सम्पन्न भइसकेको र निर्वाचित पदाधिकारीहरुले आफ्नो कार्यसंचालन गरिसकेका छन् । नेपालको संविधान २०७२ ले स्थानीय, प्रदेश र संघिय सरकार विच राज्यशक्तिको वाँडफाड सम्बन्धी व्यवस्था गरेको छ । यसै गरी स्थानीय तहको शासन संचालन सम्बन्धी आदेश २०७४ ले स्थानीय प्रदेश र संघीय सरकारका एकल तथा साझा अधिकारहरुको विस्तृत विवरण प्रस्तुत गरेको छ । नयाँ संबैधानिक व्यवस्था अनुसार स्थानीय सरकारहरु स्थानीय विकास निर्माण, स्वास्थ्य, शिक्षा र प्राकृतिक स्रोत व्यवस्थापनका क्षेत्रमा काम गर्न अधिकार सम्पन्न छन ।

स्थानीय सरकारको कार्यसंचालन सँगसँगै वन कृषि, भूमि, जल र चरण क्षेत्र जस्ता प्राकृतिक स्रोतहरुको व्यवस्थापनका बारेमा विभिन्न सरोकारहरु व्यक्त हुन थालेका छन् । यि सरोकारहरु मुख्य रुपमा स्थानीय सरकारले प्राप्त गरेका अधिकार र दायित्वदेखि  स्थानीय सरकारको प्राविधिक तथा व्यवस्थापकिय क्षमतासँग सम्बन्धित छन् । स्रोतहरुको व्यवस्थापन र क्षेत्राधिकारसँग सम्बन्धी कतिपय नीतिगत र प्राविधिक अस्पष्टताहरु पनि छलफलका विषय बनेका छन् । स्थानीय तह, बनका पदाधिकारी र सामुदायिक बनका बिचमा क्षेत्रधिकारको बिबादहरु पनि सतहमा आइसकेका छन् ।

वन लगायत प्राकृतिक स्रोतहरुको उपयोग र संरक्षण वहुआयामिक र जटिल विषयहरु हुन् । यिनको व्यवस्थापनमा स्रोतको भौतिक पक्षको सैद्धान्तिक र प्राविधिक ज्ञानसँगसँगै स्रोतसँग सम्बन्धित विभिन्न सरोकारवालाहरुको गतिशिल अन्तरसम्बन्धको व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अझ हाम्रो जस्तो जनसंख्याको उल्लेख्य हिस्सा जिविकोपार्जनका लागी प्राकृतिक स्रोत माथि सोझै निर्भर रहेको समाजमा प्राकृतिक स्रोतको उपयोग र संरक्षणलाई सँगसँगै लैजाने कार्य चुनौतिपूर्ण हुन्छ । अव स्थानीय सरकारहरुले प्राकृतिक श्रोत ब्यबस्थापनका सामाजिक, बैज्ञानीक, आर्थिक, राजनैतीक तथा कानुनी आयामहरु बिचार गर्दै प्राकृतिक स्रोतको व्यवस्थापन गरी स्रोत संरक्षणसँगै स्रोतबाट सिर्जित लाभको न्यायोचित विवरणमा अहम भुमिका खेल्न सक्दछन् ।

नयाँ संरचना अनुसार स्थानीय सरकारले प्राकृतिक स्रोतहरुको व्यवस्थापनको अधिकार तथा जिम्मेवारी प्राप्त गरेको र स्थानीय सरकारलाइ  प्राप्त यो अधिकार नेपालको सन्दर्भमा नयाँ प्रयोग भएको पृष्टभुमिलाई मध्यनजर  गर्दै फरेष्टएक्सन नेपालले **हाम्रो वन सम्पदा**को आगामी अंक **“प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय सरकारको भुमिका”** विशेषांकको रुपमा प्रकाशन गर्न लागेको छ । यस विशेषांकको मूख्य उद्देश्य स्थानीय सरकार, प्राकृतिक स्रोतका उपयोगकर्ता, संरक्षणकर्मीहरु र अन्य सम्बन्धित सरोकारवालाहरुलाई प्राकृतिक स्रोतको उपयोग, संरक्षण र स्वामित्वको अधिकार सम्बन्धि नीतिगत तथा व्यवहारिक पक्षहरुको बारेमा सम्बन्धीत विषयगत विज्ञहरुबाट जानकारी दिँदै नयाँ नीति गत व्यवस्थाका अवसर र संभावित सैद्धान्तिक र व्यवहारिक चुनौतिहरुको बारेमा छलफल चलाउनु हो । यस्तो छलफल र जानकारीले निर्वाचित पदाधिकारी र सरोकरवालाहरुलाई प्राकृतिक स्ोतसँग सम्बन्धित  नीति नियम बनाउन र तिनको नतिजामुखी कार्यन्वयनमा सहयोग पुग्ने छ भन्ने हाम्रो विश्वास छ । यस विशेषांकको लागी हामी प्राकृतिक स्रोत (विशेषगरी वन, कृषि, जल र चरण क्षेत्र) व्यवस्थापकहरु, संरक्षणकर्मीहरु, वन तथा कृषि प्राविधिकहरु र स्रोतको उपयोगकर्ताहरुलाई आफ्नो लेख रचना उपलब्ध गराई दिनुहुन आह्वान गर्दछौं । लेख रचना तयार पार्दा स्थानीय सरकार र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी तलका बुँदाहरुलाई ध्यान दिनुहुन अनुरोध गर्दछौं । तल उल्लेखीत बुँदाहरु लेखकको सहयोगको लागी मात्र प्रस्तुत गरीएको हो । यसका अलवा स्थानीय सरकार र प्राकृतिक स्रोत व्यवस्थापनका अन्य पक्षहरुमा लेखीएका रचनाहरुलाई पनि प्रकाशनको लागी स्वागत गरिने छ ।

## लेख रचना तयार पार्नका लागी प्राथमिकताका विषयहरु

- संघीय  संरचनामा प्राकृतिक स्रोतहरुको उपयोग, संरक्षण र व्यवस्थापनका नीतिगत व्यवस्था तथा व्यवहारिक पक्षहरु
- प्राकृतिक स्रोत (विशेषगरी वन, भूमि र जल) व्यवस्थापनमा स्थानीय सरकारका दायित्व र अधिकारहरु
- कृषि र भूउपयोगमा स्थानीय सरकारले खेल्न सक्ने भूमिकाहरु
- प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय तहको छिमेकी स्थानीय तहसँग र प्रदेश अनि केन्द्रसँग समन्वय र संभावित द्धन्दका क्षेत्रहरु, द्वन्द न्युनिकरणका उपायहरु
- प्राकृतिक स्रोतको संरक्षण र उपयोगमा स्थानीय सरकारको प्राबिधिक  र संस्थागत क्षमता
- स्थानीय स्तरमा हुने विकास निर्माणमा वातावरण र जैविक विविधता संरक्षणका सवालहरु

## स्कोप

लेख रचनाहरु अध्ययन, अनुसन्धान एबम बिषयबस्तु सँग सम्बन्धित प्रकाशित सामाग्रीको समीक्षामा आधारित हुनु पर्दछ । लेख रचनाहरु स्थानीय सरकार र प्राकृतिक श्रोत ब्यबस्थापनका बिभिन्न आयाम सँग सम्बन्धीत हुनु पर्ने छ।

## लेखको लम्बाई

सन्दर्भ सूचि र अन्य टिप्पणी समेत गरी ५००० शब्द भन्दा नबढि र ३००० शब्द भन्दा नघटाई आफ्नो लेख रचनाहरु तयार गुर्नहोला । यस बाहेक १५० शब्दको सारांश समेत राखिएको हुनुपर्नेछ ।

## लेखको विधि

सँगै संलग्न गरिएको लेखकको लागि मार्गदर्शन हेर्नुहोला । प्राप्त भएका लेखहरुलाई सम्बन्धित विषयका विज्ञबाट पुनरावलोकन गराइनेछ । यसबाट प्राप्त सुझाव लेखकले सम्बोधन गरेपछि संम्पादकले प्रकासनका लागि छनौट गर्ने नगर्ने वारेमा निर्णय लिनेछ ।

## लेख पठाउने

लेखकले लेख रचना पठाउन लिला नाथ शर्मा (lilanathsharma@gmail.com) लाई इमेल गरी फरेष्टएक्सन नेपालको इमेल fa@forestaction.org मा सि:सि गरीदिनुहोला ।

## लेखकको लागि मार्ग दर्शन (Guideline for Authors)

हाम्रो वन सम्पदा मार्फत हामीले अनुसन्धानकर्ता, नीति निर्माता, एवं राजनीतिज्ञहरुको विचमा वातावरणीय शुसाशन, सामुदायिक जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन आदि क्षेत्रहरुमा विचार मन्थनको प्रक्रियालाई प्रोत्साहन गर्ने उद्देश्य राखेका छौं । वन, कृषि, वातावरण लगायत स्रोत व्यवस्थापन र जनजीविकाका क्षेत्रमा विद्यमान ज्ञान, शीप, धारणा, अभ्यासमा आइरहेका/आइसकेको पद्धतिबाट प्राप्त भएका सिकाई एवं अनुभवहरुलाई प्रकाशन गर्ने, र जनस्तरसम्मा पुऱ्याउने प्रयास गरिएको हो । हाम्रो वन सम्पदामा अनुसन्धानमा आधारित लेख, रचना, विचार, विश्लेषण, र अन्य उपयोगी सामाग्रीहरु प्रकाशन गरिन्छ । स्थानीय स्तरमा जनजीविका र स्रोतको दिगो व्यवस्थापनमा प्रभाव पार्ने/पार्न सक्ने प्रकृति-समाज विचको अन्तरकृयाको शैद्धान्तिक र व्यवहारिक विश्लेषण गरिएका लेख रचनाहरु हामी पर्खिरहेका छौं । लेख तथा रचना पठाउदा निम्न लिखित पक्षमा ध्यान पुऱ्याउन लेखकहरुमा अनुरोध छ ।

### १. सारांश/ मुख्य शब्दहरु (Abstract/key words)

यो लेखको मुख्य आसय छोटकरीमा उल्लेख गरिएको खण्ड हो । त्यसकारण १५० शब्दमा नबढाइ लेखको सारांश तयार गरिदिनुहोला । त्यस्तै गरी लेखको आसय खिच्दा बढिमा ५ वटा मुख्य शब्दहरु (key words) समेत राख्नु पर्नेछ ।

### २. मुख्य लेख (Main body)

लेखलाई आवस्यकता अनुसार विभिन्न खण्डहरुमा विभाजन गरिएको हुनुपर्नेछ । जस्तै परिचय, विधि
(methodology), विश्लेषण (discussion), निश्कर्ष (conclusion), सन्दर्भ सुचि (reference) आदि ।

### ३. भाषा (Language)

हाम्रो वन सम्पदा नेपाली भाषामा प्रकाशन हुने भएकोले सामग्रीहरु नेपाली भाषामा टाइप गरी इमेल मार्फत पठाइदिनु होला ।  आफ्नो लेख तथा रचनाहरु फोटोकपी पेपर साइज (A4) मा प्रिति फन्टको १६ पोइन्ट साइजमा चारैतिर २.५ से.मि. खाली राखी तयार गर्नुपर्नेछ ।

### ४. लेखकको विवरण (Authors detail)

लेखकले आफ्नो पूरा नाम, सम्बन्धित संस्था, पद, इमेल ठेगाना दिनु पर्नेछ । दुई वा सो भन्दा बढी लेखक भएमा संचार आदान प्रदान कसले गर्ने तोक्नु पर्नेछ ।

## ५ सन्दर्भसुची (Reference)

लेख रचना भित्र साभार गरिएका स्रोतहरुलाई सन्दर्भ सुचिमा राख्नु पर्नेछ । सन्दर्भ सुचि तयार गर्दा साभार गरिएको स्रोत नेपालीमा भए नेपालमैं र अंग्रेजीमा भए अंग्रेजीमै राख्नु पर्नेछ । अन्य भाषामा भए त्यसको अनुवाद अंग्रेजी वा नेपालीमा गरि कुन भाषाबाट अनुवाद भएको हो उल्लेख गर्नुपर्नेछ । सजिलोको लागि सन्दर्भ सुचि तयार गर्ने नमूना तल दिइएको छ ।

## लेख स्विकार रअस्विकार (Acceptance/refusal decision)

सम्पादन मण्डलले लेख तथा रचना प्रकासनका लागि स्वीकार वा अस्वीकार हुनेकुराको निर्णय गर्नेछ र लेखको आसय नविग्रने वा धुमिल नहुने गरी सम्पादन गर्न सक्ने छ ।

## लेख पठाउने अन्तिम मितिः श्रावण १५, २०७४

## लेखकको पारिश्रमिक (Remuneration)

लेखकहरुलाई लेख रचना प्रदान गरे वापन कुनै किसिमको पारिश्रमिक वा लेखकस्व प्रदान नगरिने व्यहोरा जानकारी गराउदछौं ।

## सन्दर्भसुची (Reference)

लेख रचना भित्र साभार गरिएका स्रोतहरुलाई सन्दर्भ सुचिमा राख्न नभुल्नुहोला । सन्दर्भ सुचि तयार गर्दा साभार गरिएको स्रोत नेपालीमा भए नेपालमैं र अंग्रेजीमा भए अंग्रेजीमै राख्नु पर्नेछ । अन्य भाषमा भए त्यसको अनुवाद अंग्रेजी वा नेपालीमा गरि कुन भाषाबाट अनुवाद भएको हो उल्लेख गर्नुपर्नेछ । सजिलोको लागि सन्दर्भ सुचि तयार गर्ने नमूना तल दिइएको छ ।

### 1. Journal article

- **Baral, J. C.** 2002. Depleting Forests, Silent Spectators: Who Should Manage Nepal's Terai Forest? *Forest and Livelihood:***2**(1): 34-40.
- **Khadka, S.R. and Schmidt-Vogt, D.** 2008.Integrating Biodiversity Conservation and Addressing Economic Needs: An Experience with Nepal's Community Forestry.*Local Environment,***13**(1): 1-13.
- **Lachapelle, P., Smith, P. and McCool, S.**2004. Access to Power or Genuine Empowerment?An Analysis of Three Community Forest Groups in Nepal.*Human Ecology Review,***11**(1): 1-12.
- **खत्री, दिलबहादुर, पौडेल, नयाँ शर्मा र लुइँटेल, हरिशरण** । २०६९ । वन क्षेत्रमा लोकतान्त्रीकरणको खाँचो । *हाम्रो वन सम्पदा,* **१०** (१) ।
- **तिम्सिना, नेत्र** । २०६९ । वन विकमास गुरुयोजनाको प्रभाव । *हाम्रो वन सम्पदा,* **१०** (१) ।

### 2. Book

- **Regmi, M. C.** 1978. Thatched Huts and Stucco Palaces. Delhi: Adroit Publishers.
- **Blaikie, P. and Brookfield, H.** 1987. Land Degradation and Society. London: Methuen and Co.
- **Blaikie, P. M., Cameron, J. and Seddon, D.** 2001. Nepal in Crisis: Growth and Stagnation at the Periphery. Oxford: Clarendon Press.

### 3. Edited book

- **Hutt, M. (Ed).**2004. Himalayan 'People's War': Nepal's Maoist Rebellion. London: C. Hurst and Co.
- **Nelson, N. and Wright, S. (Eds.).** 1995. Power and Participatory Development: Theory and Practice. London: Intermediate Technology Publications.

- **Gellner, D. N., Pfaff-Czarnecka, J. and Welpton, J. (Eds.).** 1997. Nationalism and Ethnicity in a Hindu Kingdom: The Politics of Culture in Contemporary Nepal. Studies in Anthropology and History. Amsterdam: Overseas Publishers Association.

## 4. Book chapter

- **Libecap, G. D.** 1995. The Conditions for Successful Collective Action. In:R. Keohane and E. Ostrom (Eds.), Local Commons and Global Interdependence, Heterogeneity and Cooperations in Two Domains (pp 161-190). London: Sage Publications.
- **Bondi, L. and Davidson, J.** 2003. Troubling the Place of Gender. In: K. Anderson, M. Domosh, S. Pile and N. Thrift (Eds.), Handbook of Cultural Geography (pp 325-344). London: Sage Publications.
- **Ojha, H. R., Paudel, N. S., Banjade, M. R., McDougall, C. and Cameron, J.** 2010. The
- Deliberative Scientist: Integrating Science and Politics in Forest Resource Governance in Nepal. In: L. German, J. J. Ramisch and R. Verma (Eds.), Beyond the Biophysical: Knowledge, Culture, and Politics in Agriculture and Natural Resource Management (pp 167-191). London: Springer.

## 5. Proceedings

- **Pokharel, B.K. and Niraula, D.** 2004. Community Forestry Governance in Nepal: Achievements, Challenges and Options for the Future. In K.R. Kanel, P. Mathema, B.R. Kandel, D.R. Niraula, A.R. Sharma, and M. Gautam (Eds.), *Proceeding of the Fourth National Workshop on Community Forestry* (pp 298-316). Kathmandu: Department of Forest.

## 6. Grey literature

- **Ojha, H**. 2002. A Critical Assessment of Scientific and Political Aspects of the Issue of Community Forest Inventory in Nepal. Kathmandu: ForestAction Nepal.
- **Banjade, M. R. and Paudel, N. S.** 2008. Improving Equity and Livelihoods in Community Forestry: Suspa Community Forest User Group Site Report. ForestAction, Nepal.
- **Bhattarai, B., Ojha, H., Banjade, M. R. and Luintel, H. S**. 2003.The Effect of NTFP Market Expansion on Sustainable Local Livelihoods - A Case of Nepal. ForestAction, Nepal.
- **नेपाल सरकार** । २०४९ । वन ऐन २०४९ । नेपाल सरकार, काठमाडौं ।

## 7. Newspaper article

- Bista, R. 2010. Biodiversity Conservation: Challenge for 21st Century. The Kathmandu Post, 21 July, pp 5.
- Davies, P. 1996. Key Mistake Wreaks Havoc. Australian, 18 June, pp 1, viewed 12 August 1997, http://www.australian.aust.com/hied/columns/dav18jn.htm
- **पौडेल, कृष्ण** । २०७० । कृषि रणनीतिमा रुपान्तरणकमो खाँचो । कान्तिपुर दैनिक, २० बैशाख, २०७० ।

## 8. Documents on the World Wide Web

- **ForestAction Nepal.2010.** Challenges and Opportunities in Community Forestry, viewed on 20 March 2011,
- http://www.forestaction.org/index4/challengesandopportunitis.pdf
- **Callaghan, S. and Martin, B. 2004**. Igniting Concern about Refugee Injustice', Paper Presented at the Education and Social Action Conference, 6-8 December 2004, viewed on 5 May 2005,
- http://www.uow.edu.au/arts/sts/bmartin/pubs/04esa.html